मितिः- २०७५/०६/०७

**लगानी सम्बन्धी सूचना नं:–१७४**

यस कोषको विभिन्न कोषमा रहेको रकम १ वर्ष अवधिका लागि लगानी गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त तल उल्लिखीत शर्तहरु पुरा गरेका **वाणिज्य बैंकहरु**बाट आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस कोषले **तोकेको तल उल्लेखित शिलबन्दी दरभाउपत्रको ढाँचा बमोजिम नै भरी** कुल लगानीयोग्य रकम मध्ये मुद्दती निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस कोषमा १५ **दिनभित्र बुझाउन आहवान गरिएको छ।**

**लगानी योग्य रकम रु, ६८,००,००,०००।-( अक्षरेपी रु अठसट्ठी करोड मात्र ) रहेको छ।**

**शर्तहरुः**

(क) बैंक तथा वित्तीय संस्था संचालनमा आएको कम्तीमा **पाँच बर्ष** पुरा गरेको।

(ख) लगातार **पाँच वर्ष** देखि नाफमा रहेको।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम रहेको ।

(घ) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटको **४ प्रतिशत** भन्दा कम भएको।

(ङ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा **२० प्रतिशत** वा सो भन्दा बढी रहेको ।

(च) कर्जा /स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय समयमा निर्धारण गरेको सीमाभित्र रहेको।

(छ) निकटतम अघिल्लो आर्थिक वर्षमा सञ्चालन मुनाफामा (व्यवस्थापछिको) रहेको।

(ज) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको।

(झ) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरीवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको **तीन वर्ष** पुरा भएको।

(ञ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तीमा **तीन महिना** पुरा भएको।

(ट) बैंक तथा वित्तीय संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ वमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको।

(ठ) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको।

(ड) निगमले लगानी गर्न सूचना प्रकाशित गरको रकम लगानी गर्ने/नगर्ने अधिकार निगममा सुरक्षित रहनेछ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**केन्द्रीय कार्यालय**

**लेखा बिभाग**

**टंगाल, काठमाण्डौ।**

अनुसूची-२

<u>निर्देशिकाको दफा ११ संग सम्बन्धित</u>

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष
केन्द्रीय कार्यालय
टंगाल, काठमाण्डौं ।     बिषयः- शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम

महोदय,

त्यस कोषको विभिन्न कोषहरुमा रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति.....................................मा भएको आह्वान बमोजिम तपशिलमा उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भएबमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं ।

१.लिन चाहेको निक्षेप रकम ( रु लाखमा )

| क्र.सं | प्रस्तावित ब्याजदर | अवधि | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| १. | | एक वर्ष | | |
| २. | | ६ महिना | | |

२.आर्थिक वर्ष ........................ को ..................महिनाको यस ..............................लि. वित्तीय परिसुचकहरु निम्नानुसार रहेको छ ।

| क्र.सं | विवरण | इकाई | प्रतिशत / रकम |
|---|---|---|---|
| १. | प्राथमिक पूँजीकोष अनुपात ( न्यूनतम : ........... प्रतिशत ) | प्रतिशत | |
| २. | पूँजीकोष अनुपात ( न्यूनतम : ........... प्रतिशत ) | प्रतिशत | |
| ३. | निष्कृय कर्जा अनुपात ( ४ प्रतिशत भन्दा कम ) | प्रतिशत | |
| ४. | खुद तरल सम्पति / स्वदेशी निक्षेप अनुपात ( २० प्रतिशत वा सो भन्दा बढी ) | प्रतिशत | |
| ५. | कर्जा / स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात (वढीमा : ...... प्रतिशत ) | प्रतिशत | |
| ६. | नफा / नोक्सान हिसाब | रकम रु लाखमा | |
| | क. निकटतम अघिल्लो ५ वर्ष | रकम रु लाखमा | |
| | ख. चालु अवधि | रकम रु लाखमा | |
| ७. | रियल स्टेट कर्जा अनुपात (वढीमा : ............ प्रतिशत ) | प्रतिशत | |
| ८. | कुल निक्षेप | रकम रु लाखमा | |
| ९. | चुक्ता पुँजी | रकम रु लाखमा | |
| १०. | निगमको नाममा रहेको हालसम्मको मुद्दती निक्षेप रकम | रकम रु लाखमा | |

**३. यस .......................................लि. को सम्वन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौ ।**

१ आ. ब. २०६९/०७० देखि आ. ब. २०७३/०७४ सम्मको नाफा नोक्सान विवरण ।
२. लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्था छ / छैन र सो कारवाही भएको तीन वर्ष पूरा भएको ।
३. संस्था नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारवाहीमा परेको छ / छैन रसो कारवाही फुकुवा भएको कम्तीमा तीन महिना पूरा भएको ।
४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन र सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।
५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति ................ नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको ।
६. साथै यस................................लि.को मिती.....................मा प्रकासित पछिल्लो वित्तिय विवरण यसै दरभाउपत्रसँग संलग्न गरेका छौं ।

**संस्थाका आधिकारीक पदाधिकारीको**
**दस्तखतः-.................................**
**नामः-.......................**
**पदः-....................**

**संस्थाको नामः-**
**ठेगानाः-**
**छापः-**